"समृद्ध नगर, खुशी नगरबासी"

# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

प.सं: २०७७।०७८

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७७।०८।१७ गते**

प्रस्तुत विषयमा यस नगरपालिकाको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन ईकाइ तथा नगर कार्यपालिकाको कार्यालयमा कामकाज गर्न तपशिल बमोजिम कर्मचारी सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकाले देहायका योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र **गुर्भाकोट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५** बमोजिम दरखास्त पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | सेवा | समुह | पद | तह | माग संख्या |
|---|---|---|---|---|---|---|
| १. | २/२०७७-०७८ | इन्जिनियरिङ | सर्भे | सर्भेक्षक | पाँचौं | १ |
| २. | ३/२०७७-०७८ | इन्जिनियरिङ | सर्भे | अमिन | चौथो | १ |

१. **परीक्षाको किसिम:** संक्षिप्त सूची प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता ।

२. उमेर: १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिलाको हकमा ४० बर्ष ननाघेको ।

३. **दरखास्त उपलब्ध हुने तथा बुझाउने स्थान:** गुर्भाकोट नगर कार्यपालिकाको कार्यालय शुभाघाट, सुर्खेत ।

४. **दरखास्त बुझाउने अन्तिम मिति:** २०७७/०८/२३ गतेसम्म कार्यालय समयभित्र ।

५. **दरखास्त दस्तुर:** रु ५०० ।

६. **शैक्षिक योग्यता:**

**क) सर्भेक्षक पदका लागि:** मान्यता प्राप्त शैक्षिक संस्थाबाट गणित विषय लिई एस.एल.सी वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेट्रिक्स विषयमा तीन बर्षे प्रवीणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा एक बर्षको जुनियर नापी तालिम प्राप्त गरेको ।

**ख) अमिन पदका लागि:** मान्यता प्राप्त शैक्षिक सँस्थाबाट गणित विषय लिई एस.एल.सी वा सो सरहर उत्तीर्ण गरी सर्भे वा जियोमेट्रीक्स बिषयमा कम्तीमा १ (एक) बर्षको तालिम प्राप्त गरेको ।

७. **दरखास्त सँगै पेश गर्नुपर्ने कागजातहरु**

क) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि ।

ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि ।

ग) अनुभव खुल्ने कागजात ।

घ) २ प्रति पासपोर्ट साइजको फोटो ।

ङ) राजश्व काटेको रसिद ।

८. **सेवा तथा सुविधा:** गुर्भाकोट नगर कार्यपालिकाको नियमानुसार ।

१०. थप जानकारीको लागि सम्पर्क नम्बर: ९८६०५३८३८८

टेक बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत
( टेक बहादुर खत्री )
प्रमुख प्रशासकिय अधिकृत

फोन नं. ४१००७२, ४१००७१, ४१०११०, **E-mail:** info@gurbhakotmun.gov.np, **Website:** gurbhakotmun.gov.np

"कृषि वन पर्यटन र गुणस्तरीय स्वास्थ्य शिक्षा
सुखी सुन्दर पुर्वाधारमैत्री समृद्ध गुर्भाको हाम्रो इच्छा"